# पाठ ५

# घरको स्थापना

घर शब्दको निम्ति शब्दकोशमा पाइने परिभाषा "परिवारको बस्ने ठाउँ" हो। तर आदर्श घरको निम्ति भएको परमेश्वरको स्तर यस्ता साँघुरा सिमानाबाट टाढ़ा पुग्छ। परमेश्वर र एक-अर्काको सरोकार गर्ने मानिसहरू र परमेश्वरको नमूनाअनुसारको घरको स्थापना गर्नका लागि प्रार्थना र काम गर्ने व्यक्तिहरूबाट यसको निर्माण भएको हुन्छ।

पति र पत्नीका रूपमा दुइ व्यक्तिहरूले एकैसाथ जीवन जिउन शुरू गरेपछि, धेरै सामञ्जस्य (मेलमिलाप)-को आवश्यकता पर्छ भन्ने कुरा तिनीहरूले छिट्टै पत्ता लगाउँछन्। प्रत्येक व्यक्तिको अद्वितीय व्यक्तित्व हुन्छ– उसका आफ्नै सपनाहरू, इच्छाहरू, निराशाहरू, र आवश्यकताहरू हुन्छन् र विवाहको विधि सम्पन्न गर्दैमा व्यक्तिगत विभिन्नताहरू, त्यसै हराउँदैन।

आफू जिएको उद्देश्य पूरा गर्ने किसिमको घरको बारेमा हामी यस पाठमा अध्ययन गर्नेछौं। विवाहित दम्पत्तिले सामना गर्नुपर्ने समाञ्जस्य र उत्पन्न भएका समस्याहरूलाई समाधान गर्ने तरीकाहरूका बारेमा हामी यहाँ विचार गर्नेछौं।



"परमप्रभुले नै घर नबनाउनुभए त, बनाउनेहरूले गरेको परिश्रम व्यर्थ हुन्छ," (भजनसंग्रह १२७:१), र घर स्थापना गर्नुको उद्देश्य परमेश्वरको महिमा गर्नु हो भनी महसूस गर्ने दम्पत्तिले प्रशस्त इनामहरू प्राप्त गर्नेछ।

**यस पाठमा तपाईंले यी कुराहरूको अध्ययन गर्नुहुनेछ. . .**

घरको महत्त्वपूर्णता
आवश्यकीय सामञ्जस्यहरू
ख्रीष्टियान र अख्रीष्टियान घरहरू

**यस पाठले तपाईंलाई यी कुराहरूमा सहायता पुऱ्याउनेछ. . .**

- भर्खरै विवाहित दम्पत्तिहरूले सामञ्जस्य (मिलाउन) गर्नुपर्ने केही कुराहरूमा छलफल गरी ती मिलाउनको निम्ति सहायता पुऱ्याउन आवश्यकीय सल्लाह दिन।

- छोराछोरीहरूलाई परमेश्वरको स्तरअनुसारको घरको आवश्यकता छ भन्ने कारणहरू दिन।
- ख्रीष्टियान र अख्रीष्टियान घरको बीचको भिन्नतालाई वर्णन गर्न।

## घरको महत्त्वपूर्णता

### घरको परिभाषित गरियो

खाली भवन एउटा घर होइन– परिवार बस्ने ठाउँलाई नै घर भनिन्छ। परमेश्वरले पारिवारिक जीवनको निम्ति नमूना दिनुहुँदा, तिनीहरूको घर हुनको निम्ति उहाँले आदम र हव्वालाई विशेष ठाउँ दिनुभएको थियोः आदमले खेती र हेरचाहा गर्नुपर्ने सुन्दर बगैंचा। एकतामा *एकैसाथ* जिउनको निम्ति प्रत्येक परिवारको आफ्नै घर भएको परमेश्वर अझै चाहनुहुन्छ।

*एक लेखकले यसरी भनेका छन्ः*

> घरलाई सानो सरकारसँग तुलना गर्न सकिन्छ। बाबु सभापति र आमाचाहिँ उपसभापति हुन्छन्। घरलाई चलाउँदा तिनीहरूले एक-अर्कालाई सहायता पुऱ्याउँछन्। छोराछोरीहरू शान्तिमा बाँच्न सकून् भनी तिनीहरूले असल नियमहरू बनाउँछन्। ठीक र आज्ञाकारी भएर जिउनका लागि तिनीहरूका नियमहरूले छोराछोरीहरूलाई सिकाउँछन्। यदि छोराछोरीहरूले आफ्नै घरमा आफ्ना आमा-बाबुका आज्ञाहरू पालन गर्न सिके भने, पछि गएर तिनीहरूले आफ्नो स्कूलका शिक्षकहरू, आफ्ना पास्टरहरू र आफ्नो देशको आज्ञापालन गर्नेछन्।

आनन्दित, शान्त, र एक भई एकैसाथ परमेश्वरलाई प्रेम गर्नका लागि घर ठूलो र सजाइएको हुन आवश्यक छैन। परिवारका सदस्यहरूका बीचमा सम्बन्ध नै सबैभन्दा महत्त्वपूर्ण कुरा हो।

यदि तिनीहरू ठीक किसिमको सम्बन्ध स्थापना गर्न चाहन्छन् भने, तिनीहरूले एकैसाथ समय बिताउनु पनि पर्छ। घर भनेको खाने र सुत्ने ठाउँ मात्र होइन। यी सम्बन्धहरू घरको महत्त्वपूर्ण अङ्ग भएको हुनाले "परिवार"-को सम्बोधन गर्नका लागि हामी घर शब्द प्रयोग गर्छौं

**तपाईंको अभ्यासको निम्ति**

१ आनन्दित घरको *उत्तम* वर्णन गर्ने शब्द वा शब्दहरूको अगाडिको अक्षरमा घेरा लगाउनुहोस्।

**क** असल पारिवारिक सम्बन्धहरू
**ख** शान्ति
**ग** महङ्गा मालसामानहरू
**घ** परमेश्वरको निम्ति प्रेम
**ङ** खाने र बस्ने ठाउँ
**च** एकैसाथ काम गर्नु

२ छोराछोरीहरूले घरमा आज्ञापालन सिके भने, पछि गएर यसले तिनीहरूलाई कसरी सहायता पुर्‍याउँछ?

.....................................................................

.....................................................................

**पति र पत्नीलाई महत्त्वपूर्णता**

मानव-जातिको आनन्दको निम्ति परमेश्वरको एउटा जुटावट

घर हो। पति र पत्नीले आफ्ना आनन्दहरू र दुःखहरू, काम र खेल,समस्या र सफलतालाई एकैसाथ बाँड्चूँड़ गर्नुपर्छ। घरचाहिँ आमा-बाबु र छोराछोरी दुवैका लागि पाठशाला हो, जहाँ तिनीहरूले एक-अर्काका लागि विचारशीलता, समझ र धैर्यको पाठ सिकन सक्छन्। मानिसले आफ्नो काममा दिनहुँ सामना गर्नुपर्ने तनाव र समस्याहरूबाट घरले उसलाई विश्राम दिन्छ। ख्रीष्टियान घरमा भएको प्रेम, शान्ति र परमेश्वरको उपस्थितिले पति र पत्नीलाई आ-आफ्ना जिम्मेवारीहरू पूरा गर्नका लागि ताजा बनाउँछ।

घरको एउटा मुख्य कार्य छोराछोरीलाई जन्म दिएर पालनपोषण गरी वृद्धि गराउनु हो। आफ्नो जीवनको निम्ति परमेश्वरको दैनिक अगुवाइ खोज्ने पति र पत्नीलाई बाँड़चूँड़ गरिएको आमा-बाबुको जिम्मेवारीले एकैसाथ नजीक ल्याउँछ। घरमा भएका छोराछोरीहरूले ठूलो आनन्द र सफलता ल्याउन सक्छन्। "छोराहरू परमप्रभुले दिनुभएको उत्तराधिकार हुन्, छोराछोरीहरू उहाँका इनाम हुन्" (भजनसंग्रह १२७:३)।

छोराछोरीहरू नपाउने दम्पत्तिहरूबाट परमेश्वरले आफ्ना आशिष् खोस्नुहुन्छ भन्ने अर्थ यसले दिँदैन। आफ्नी पत्नीले सन्तान जन्माउन नसकेको कारण पतिले आफ्नी पत्नीलाई त्याग्ने वा टाढ़ा पठाइदिने वा अर्कोसँग विवाह गर्ने कुरालाई बाइबलले अनुमति दिएको छैन। आफ्ना सन्तान नभएकोमा पतिलाई दोष्याउने पत्नीले पनि आफ्ना पतिलाई त्याग्ने अधिकार बाइबलले दिएको छैन। पति वा पत्नीमा भएका शारीरिक कमजोरीहरूले वैवाहिक सम्बन्धलाई खारेज गर्दैन।

बाइबलले सन्तान नभएका दम्पत्तिहरूको उदाहरण दिन्छ र परमेश्वरले कसरी तिनीहरूका प्रार्थनाको उत्तर दिनुभयो सो पनि बताउँछ। उनको प्रार्थनाको सुनुवाइ भयो र अब एलीशिबाले छोरा जन्माउनेछिन् भनी बताउन स्वर्गदूत प्रकट हुँदा पूजाहारी

जकरिया मन्दिरमा थिए (लूकास १:१३ हेर्नुहोस्।) हन्नाले छोराको लागि प्रार्थना गरिन् र परमेश्वरले उनलाई शमूएल दिनुभयो र उनी इस्राएलका महान् अगुवा बने (१ शमूएल १:११-१३ हेर्नुहोस्)। सन्तान नभएका दम्पत्तिहरूले अरूहरूलाई धर्म-सन्तान बनाउँछन्। यी साना केटाकेटीहरूका निम्ति घर उपलब्ध गरिदिँदा परमेश्वरले तिनीहरूलाई आशिष् दिनुहुन्छ। केटाकेटीहरू र तिनीहरूका धर्म-आमा-बाबुहरूका बीचमा गहिरो र अनन्त प्रेम विकास हुन सक्छ र तिनीहरूले एक-अर्काका निम्ति ठूलो आनन्द ल्याउन सक्छन् "परमप्रभु हाम्रा परमेश्वरको समान कोही छैन... उहाँले बाँझी स्त्रीलाई छोराछोरीका सुखी आमाको रूपमा स्थिर गरिदिनुहुन्छ" (भजनसंग्रह ११३:५,६)।

### तपाईंको अभ्यासको निम्ति

**३** के बाहिरीय संसारका तनावहरूबाट शरण लिनका लागि तपाईंको घर शान्तमय छ? यदि छैन भने यसलाई शान्तमय बनाउनका निम्ति तपाईंले के गर्न सक्नुहुन्छ? आफ्नो उत्तरको निम्ति अभ्यास-पुस्तिका प्रयोग गर्नुहोस्।

**४** घरको एउटा मुख्य कार्य के हो?

.....................................................................

**५** परमेश्वरले प्रार्थना सुनेर तिनीहरूलाई सान्त्वना दिनुभएका बाइबलमा उल्लेखित दुइ व्यक्तिहरूको नाम दिनुहोस्।

.....................................................................

## बालकलाई महत्त्वपूर्णता

बालकको निम्ति घर अति नै महत्त्वपूर्ण हुन्छ। उसलाई

ख्रीष्टियान परिवारको प्रेम, वास्ता, आनन्द र सुरक्षाको आवश्यकता पर्छ। त्यहाँ प्राप्त भएको तालीमले उसको चरित्रलाई मात्र निर्माण गर्ने होइन, तर यसले उसको पूरै जीवनको हेराइलाई असर पारेको हुन्छ। संसारमा उसले जस्तोसुकै खतरा, समस्या र निराशाहरूको सामना गर्नुपरे तापनि उसलाई आफ्नो घरको सुरक्षाको आवश्यकता पर्छ। आफ्नो घरमा आफू सुरक्षित हुन्छु भन्ने कुरा उसलाई थाहा हुन्छ। उसलाई बुझिदिने, प्रेम गर्ने, र उसको हेरचाहा गर्ने आमा-बाबु त्यहाँ छन् भन्ने कुरा उसलाई थाहा छ। ऊ कसैको हो। सुरक्षाको चेतनाले बालकको व्यक्तित्वमा सकारात्मक प्रभाव परेको हुन्छ। बालकको शारीरिक स्वास्थ्य र विकासको निम्ति खानेकुरा जति महत्त्वपूर्ण हुन्छ, उसको स्वास्थ्य र जीवनभरिको आनन्दको निम्ति उसको परिवारको प्रेम पनि त्यति नै महत्त्वपूर्ण हुन्छ।

हामी घरलाई विद्यालयसँग तुलना गर्न सक्छौं। आमा-बाबुचाहिँ शिक्षकहरू हुन्। छोराछोरीहरूचाहिँ विद्यार्थीहरू हुन्। आमा-बाबुले आफ्ना वचन र आफ्ना उदाहरणद्वारा सिकाउँछन्। वचन र काममा छोराछोरीहरूले कति छिट्टो तिनीहरूलाई नकल गर्न सिक्छन्। आफ्ना छोराछोरीका अगाड़ि भक्तिको जीवन जिउने पति र पत्नीले आफ्ना छोराछोरीहरूले आफ्ना पाइला पछ्याउँदा डर मान्दैनन्। अफसोसको कुराचाहिँ यो छ कि भक्तिहीनको जीवन जिउने आमा-बाबुको उदाहरण तिनीहरूका छोराछोरीहरूले पनि पछ्याउने गर्छन्। बाइबलले हामीलाई दुवैका उदाहरणहरू दिएको छ। "तिनका पिता मनश्शेले गरेझैं तिनले (आमोन) परमप्रभुको दृष्टिमा जे कुरा खराब थियो त्यही गरे। तिनी आफ्ना पिताका चालमा हिँड़े, र तिनका पिताले सेवा गरेका मूर्तिहरूको तिनले सेवा गरे, र तिनलाई पूजे" (२ राजा २१:२०-२६)। यद्यपि, राजा यहोशापातचाहिँ असल राजा थिए र उनको शुरूको जीवन ईश्वरभक्त आमा-बाबुबाट प्रभावित भएको थियो।

तिनी आफ्ना पिताले शुरू-शुरूमा देखाएका उदाहरण-अनुसार हिँडे। बाल-देवताहरूपछि नलागेका हुनाले परमप्रभु यहोशापातसँग हुनुहुन्थ्यो। तिनले आफ्ना पिताका परमेश्वरको अगुवाइ खोजे, र उहाँका आज्ञाहरू पालन गरे। तिनी इस्राएलको चालमा चलेनन् (२ इतिहास १७:३-४)।

यदि तपाईंले अझसम्म घरको स्थापना गर्नुभएको छैन भने, घरको स्थापना गर्दा तपाईंले याद गर्नुपर्ने कुराचाहिँ यो छ कि ठीक र बेठीकको सम्बन्धमा छोराछोरीहरूका जीवनमा पर्ने ठूलो प्रभाव आमा-बाबुहरूकै हो।

बालकको जीवनका शुरूका केही वर्षहरूमा उसको चरित्र र जीवनभरिकै बानीबेहोराको निर्माण भएको हुन्छ। ईश्वरहीन आमा-बाबुको प्रभावले तिनीहरूका छोराछोरीहरू परमेश्वरलाई चिन्ने सम्भावनाबाट टाढ़िन्छन्। वास्तवमा भन्ने हो भने तिनीहरूलाई परमेश्वरबाट टाढ़ा लगिएको हुन सक्छ। तर प्रेम र अनुशासनले भरिएको ईश्वरभक्त घरमा छोराछोरीहरूले कहिल्यै नभुल्ने पाठ सिक्छन्। "बालकलाई ऊ हिँड्नुपर्ने बाटोमा तालीम देऊ र वृद्धावस्थासम्म ऊ त्यसबाट तर्किएर जाँदैन" (हितोपदेश २२:६)। तिनीहरू संसारमा आशिषित हुन सकून् भनेर तिनीहरूलाई ईश्वरभक्त, धर्मी र ईमानदार हुनका लागि शिक्षा दिइएको छ।

### तपाईंको अभ्यासको निम्ति

६ बालकमा मिलनसार व्यक्तित्व विकास गर्नका लागि कस्तो किसिमको घरले सहायता पुऱ्याउँछ वर्णन गर्नुहोस्।

..........................................................................

..........................................................................

७ आमा-बाबुले आफ्ना ..... र ......... द्वारा आफ्ना छोराछोरीहरूलाई सिकाउँछन्।

८ घरले बालकको स्वभावमा कस्तो असर पार्नसक्छ?

..................................................................

..................................................................

**समुदायलाई महत्त्वपूर्णता**

आफ्नो अस्तित्वको निम्ति समाजचाहिँ परिवारमा भर पर्छ भनी हामी भन्न सक्छौं, अर्थात् परिवारका सदस्यहरूद्वारा नै समाजको निर्माण भएको हुन्छ। समाजका योग्य सदस्यहरू बन्नका लागि असल परिवारले छोराछोरीहरूलाई आवश्यकीय तालीम दिएको हुन्छ।

हाम्रो समुदायमा कस्ता खालका मानिसहरू छन् भन्ने कुरा घरले नै निर्णय गर्छ। बालक जन्मेपछि उसको परिवारका अन्य सदस्यहरूसँग नै उसको पहिलो सम्पर्क हुन्छ। उसको चरित्रको निर्माण र बानीबेहोराको विकास घरमा नै हुन्छ। अरू मानिसहरूसँग कस्तो व्यवहार गर्नुपर्छ भन्ने कुरा उसले घरमा नै सिक्छ। उचित तालीमको कारण बालकले असल बानीबेहोरा, कर्तव्य, प्रेम, आज्ञाकारिता र अरूहरूका अधिकारलाई आदर गर्ने कुरा सिकेको हुन्छ। घरको सानो समुदायमा जे-जति कुरा उसले सिक्छ, आफ्नो छिमेक र देशको ठूलो समुदायमा आफ्नो जीवनभरि नै उसले यसलाई प्रयोगमा लगाउँछ।

**तपाईंको अभ्यासको निम्ति**

९ समाजमा हामी कस्ता किसिमका सदस्य बन्छौं भन्ने कुरा

सबैभन्दा बढ़ी के कुराले निर्णय गर्छ?

..............................................................................

## आवश्यकीय सामञ्जस्यहरू

### पति र पत्नीको सम्बन्ध

विवाहमा आवश्यक पर्ने जति ठूलो सामञ्जस्यता जीवनको अन्य समयहरूमा कसैले सामना गर्नुपर्दैन होला। किनकि यस अद्वितीय सम्बन्धले यही नै माग गर्छ कि पति र पत्नीले आफ्नो जीवनको नयाँ हिँड़ाइमा सामञ्जस्यता प्राप्त गर्नेपर्छ।

मानिसलाई जीवन-साथीको आवश्यकता छ भन्ने कुरा परमेश्वरले बुझ्नुभयो। परिवारका मुख्य उद्देश्यहरूमध्ये एउटा उद्देश्यचाहिँ जीवन-साथी हो। परमप्रभुले आदमलाई हेर्नुभयो र भन्नुभयो, "मानिस एकलो रहन असल छैन, म त्यसको निम्ति त्यसलाई सुहाउने एउटा सहयोगी बनाउनेछु" (उत्पत्ति १:८)।

हितोपदेश १८:२२-ले बताउँछ, "पत्नी पाउनेले असल कुरा पाउँछ।" यस्तो समर्पणको पवित्र जिम्मेवारीलाई पहिले विचार नगरी धेरै व्यक्तिहरूले एक-अर्कासँग विवाहको वाचा बाँधेर पनि वैवाहिक सम्बन्धको विषयमा प्रश्न गर्छन्।

आफूलाई परिपक्व ठान्ने दुइ व्यक्तिहरूले विवाह गरिसकेपछि आफू अझै वृद्धि हुन आवश्यक छ भन्ने कुरा तिनीहरूले पत्ता लगाउँछन्। उनीहरूले पहिले नदेखेका भूलहरू बिस्तारै सतहमा आउन थाल्छन्। आफ्नो निम्ति मात्र के असल हुन्छ भनी विवाह गर्नुभन्दा पहिले सोच्ने व्यक्तिले विवाह भइसकेपछि "हामी दुवैको लागि के उत्तम हुन्छ" भनी सोच्नुपर्छ।

वैवाहिक सम्बन्धको निर्माण पूरै जीवनभरिको कार्य हो। केही मिनटमा सकिने विवाहको विधिमा यो पूरा हुँदैन। विवाहका जिम्मेवारीहरू र कर्तव्यहरूका बारेमा पति र पत्नीले स्पष्टसँग बुझेपछि आवश्यकीय सामञ्जस्य निर्माण गर्नका लागि तिनीहरू अझै तयारी भएका हुन्छन्।

त्यहाँ बेमिलापका समयहरू पनि आउँछन् र यस्तो अवस्थामा पति वा पत्नीले आफू मात्र ठीक छु र आफ्नो कुरा मात्र अर्कोले सुनिदिनुपर्छ भनी सोच्नुहुँदैन। तिनीहरूले आफ्ना समस्याहरूलाई छलफल गर्नुपर्छ र कुनै समाधानमा सहमति हुनुपर्छ। विवाहको सामञ्जस्यले ईमानदारिता, धैर्य, बुद्धि र निस्स्वार्थको माग गर्दछ र यसरी दुवै जना यसमा अडिन सक्छन्।

आफ्नै योजना र इच्छाहरूलाई त्याग्नका निम्ति विवाहित दम्पत्तिलाई कहिलेकहीँ कठिन पर्छ, तर प्रेमले नै सामञ्जस्यलाई सम्भव तुल्याउँछ। विवाहको यो अभिन्न अङ्ग हो र आनन्दित घरको निम्ति यो आवश्यक छ!

---

**तपाईंको अभ्यासको निम्ति**

१० परिवारको एउटा मुख्य उद्देश्य के हो?

..................................................................................

११ आफ्नै निम्ति मात्र विचार गर्ने व्यक्तिले विवाह गरेपछि ऊ के कुरामा परिवर्तन हुन आवश्यक छ?

..................................................................................

१२ विवाहका जिम्मेवारीहरू र कर्तव्यहरूलाई बुझेर विवाह गर्ने परिपक्व व्यक्ति

**क** ले सजिलैसँग सामञ्जस्य (मेलमिलाप) गर्न सक्छ।
**ख** आवश्यकीय सामञ्जस्य गर्नका लागि तयारी हुन्छ।
**ग** ले आवश्यकीय सामञ्जस्य गर्नका लागि अरूहरूले भन्दा बढ़ी कठिनाइको महसूस गर्छ।

**आमा-बाबुसँग सम्बन्ध**

घरीघरी उब्जिने अर्को समस्याचाहिँ आमा-बाबुसँगको सम्बन्ध हो। आफ्ना आमा-बाबुप्रति भएको दम्पत्तिको आदर र प्रेमलाई विवाहले कमी गर्नुहुँदैन। आफू हुर्किंदैगरेका छोराछोरी हुँदा आफ्ना आमा-बाबुसँग भएको नजीकको सम्बन्ध त विवाह भएपछि अवश्य पनि छोडिन्छ। अब तिनीहरूले आफ्नै घरको स्थापना गरेको हुनाले पति र पत्नीका बीचमा नयाँ र महत्त्वपूर्ण सम्बन्ध हुन्छ। "यसैकारण मानिस आफ्ना बाबु र आमालाई छोड़ेर आफ्नी स्वास्नीसँग मिलिरहन्छ" (मर्कूस १०:७)।

आफ्ना विवाहित छोराछोरीहरू परिपक्व भइसकेका छन् र आफ्नो जीवन आफै चलाउने अधिकार उनीहरूले पाउनैपर्छ भन्ने कुरा कहिलेकहीँ आमा-बाबुले बिर्सन्छन्। जवान व्यक्तिहरूले सल्लाह माग्दा आमा-बाबुले महत्त्वपूर्ण सल्लाह दिन सक्छन्, तर तिनीहरूको घर कसरी चलाउनुपर्छ भन्ने सम्बन्धमा तिनीहरूले हस्तक्षेप गर्ने कोशिश गर्नुहुँदैन। पति र पत्नीले सल्लाहलाई ग्रहण गर्दा पनि उनीहरूले यो कुरा महसूस गर्नैपर्छ कि एक-अर्कासँगको तिनीहरूको सम्बन्ध तिनीहरूका आमा-बाबुप्रति भएको जिम्मेवारीभन्दा पहिला आउँछ र त्यो अझै महत्त्वपूर्ण हुन्छ।

आफ्ना पति र आफ्नो बीचमा समस्या हुँदा पत्नीचाहिँ आफ्ना आमा-बाबुका घरमा सधैँ दौड़ेर जानुहुँदैन। बेला-बेलामा आफ्ना आमा-बाबुलाई भेट्नु असल कुरा हो, तर अब तिनका आमा-बाबुको घर तिनको घर होइन, र पतिसँगको घर नै

तिनको आफ्नो घर हो भन्ने कुरा तिनले याद गर्नैपर्छ। तिनी लामो समयको निम्ति आफ्ना पतिबाट अलग भएर रहनुहुँदैन। तिनीहरू एउटालाई अर्कोको खाँचो पर्छ। लामो समयसम्म अलग बस्नाले वैवाहिक जीवन कमजोर हुन सक्छ, र पति वा पत्नीको जीवनमा परीक्षा आउन सक्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१३** ठीक किसिमले वाक्य पूरा गर्ने प्रत्येक बयानको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। दुइ परिपक्व व्यक्तिहरूले विवाह गरेपछि, तिनीहरू

**क** लाई आमा-बाबुको सरसल्लाह चाँहिदैन।

**ख** ले आफ्ना आमा-बाबुलाई प्रेम र आदर गरिनैरहनुपर्छ र तिनीहरूसँगको आफ्नो सम्बन्ध परिवर्तन भएको पनि याद गर्नुपर्छ।

**ग** ले आफ्नो घर आफैले चलाउने जिम्मेवारीलाई स्वीकार गर्नुपर्छ।

**घ** ले परिपक्व व्यक्तिहरूको जस्तै व्यवहार गर्नुपर्छ र आफ्ना बीचमा भएका विभिन्नतालाई बोकेर आफ्ना आमा-बाबुकहाँ दौड़नुहुँदैन।

**रुपियाँपैसाको विषय**

धेरै पल्ट झगड़ा हुने कारणचाहिँ रुपियाँपैसा हो। रुपियाँपैसा सम्बन्धी विषयमा पति र पत्नीले एकसाथ बसेर कुरा गर्नु असल हुन्छ। जवान पतिको आम्दानी त्यति धेरै हुँदैन होला, र उनकी पत्नीले आफूले सकेसम्म रुपियाँपैसा बचाएर उनलाई सहायता पुऱ्याउँनैपर्छ। तिनले विवाह गरिन् भन्दैमा आफ्ना पतिसँग

अनावश्यक माग गर्नुहुँदैन। तिनले मन पराएका नयाँ लुगाफाटाहरू पतिले दिन सकेनन् भने तिनले गनगन गर्नुहुँदैन। तिनीहरू आफ्ना साथी वा छिमेकीहरूभन्दा साधारण किसिमले जिउनुपर्‍यो भने पनि, यसले तिनलाई बेखुशी तुल्याउनुहुँदैन। आफूसँग भएका कुराहरूबाट नै आफ्नो घरलाई आनन्दित र आकर्षित तुल्याउने चुनौती तिनको अगाड़ि खड़ा भएको हुन्छ।

रुपियाँपैसाविना नै पत्नीबाट घर चलाउने वा परिवारको निम्ति जुटाउने आशा पतिले पनि अवश्य राख्नुहुँदैन। खर्चहरूमा पत्नीले पनि सहायता पुर्‍याउन सक्छन्। तर घरको शिरको हैसियतले परिवारको खाँचो पूरा गर्ने जिम्मेवारी पतिको नै हो।

> यदि कसैले आफन्तहरूको र विशेष गरी आफ्नै परिवारको पालनपोषण गर्दैन भनेता त्यसले विश्वासलाई इन्कार गर्दछ, र विश्वास नगर्नेहरूभन्दा पनि खराब हुन्छ (१ तिमोथियस ५:८)।

### तपाईंको अभ्यासको निम्ति

**१४** विवाहमा रुपियाँपैसाको बारेमा झगड़ा ल्याउने चार थोकहरूलाई आफ्नो अभ्यास-पुस्तिकामा सूची बनाउनुहोस्।

**१५** आफ्नो परिवारको हेरचाहा नगर्ने मानिसको बारेमा बाइबलले के भनेको छ? ..................................................

## खीष्टियान र अखीष्टियान घरहरू

### अखीष्टियान घर

धेरै घरहरू परमेश्वरको इच्छाबाट टाढ़ा बसेका छन्। पापले पहिलो घरलाई बिगारेको छ। आदम र हव्वाले

परमेश्वरको आज्ञा भङ्ग गरे, र यसले आनन्द र प्रेमको ठाउँमा तिनीहरूकै परिवारमा डाहा, झगड़ा र हत्या ल्यायो।

आदर्श ख्रीष्टियान घरसँग मिल्दाजुल्दा धेरै घरहरू पनि पाइन्छन्। यी घरका परिवारहरूले देशका नियमहरूको आदर र आज्ञा पालन गर्छन्। तिनीहरू एक-अर्काको हेरचाहा गर्छन्। पतिहरूले आ-आफ्ना परिवारहरूलाई पालनपोषण गर्छन्। तिनीहरू असल छिमेकीहरू हुन्। तिनीहरूले गरीब र खाँचोमा परेकाहरूलाई सहायता गर्छन्। तिनीहरूमध्ये धेरै जना एकलेसिया (चर्च)-का सदस्यहरू पनि हुन्। तर महत्त्वपूर्ण वस्तुचाहिँ गुमेको हुन्छः तिनीहरू पापी हुन् भन्ने कुरा तिनीहरूले कहिल्यै स्वीकार गरेका छैनन्। तिनीहरूले कहिल्यै पनि ख्रीष्टलाई आफ्ना जीवन र घरमा निमन्त्रणा दिएका छैनन्।

तिनीहरू यस्तो एकलेसियाजस्ता हुन्, जसलाई स्वर्गदूतले भनेका थिए, " 'म धनी छु, र मसित धन-सम्पत्ति छ, र मलाई केही कुराको खाँचो छैन' भनी तिमी भन्दछौ, तर तिमीलाई थाहै छैन कि तिमी दुःखी, दयनीय, दरिद्र, अन्धा र नाङ्गा छौ" (प्रकाश ३:१७)। आफूलाई परमेश्वरको खाँचोको महसूस नगर्ने प्रत्येक व्यक्तिका लागि यो वर्णन उपयुक्त छ। जब हृदयका वेदना र जीवनका समस्याहरूले तिनीहरूलाई थिच्छ, ती सबैमाथि विजय प्राप्त गर्नका लागि तिनीहरूसँग ख्रीष्टको उपस्थिति, शान्ति र सहायता हुँदैन।

त्यहाँ अरू अख्रीष्टियान घरहरू पनि छन्, जहाँ पति र पत्नीले आफ्नो आम्दानीलाई जुवा-तास, लागू पदार्थ, चुरोट-बिड़ी र जाँड़-रक्सीमा उडाउँछन्। कोही-कोही यस्ता खराब बानीका कमारा नै बन्छन् र आफ्नो सम्पूर्ण तलब एकै रातमा सिध्याउँछन् र यसरी आफ्नो परिवारको निम्ति खानेकुरा किन्ने पैसा पनि तिनीहरूसँग हुँदैन। डाहा र घृणाको कारणले नै झगड़ा शुरू हुन्छ। अश्लिल साहित्य र फोहोर कुराकानीले यी घरका

छोराछोरीहरूका मनलाई दुषित पारिदिन्छ। कलिलो उमेरमा नै तिनीहरूलाई हत्या, अपराध र अनैतिकताको परिचित गराइन्छ। मन्त्रतन्त्र, बोक्सी विद्या र धामीझाँक्रीका कामहरूमा अख्रीष्टियान परिवारले भाग लिने हुनाले, यसबाट तिनीहरूले अझै थप दुःख, डर र समस्या भोग्नुपर्छ।

**तपाईंको अभ्यासको निम्ति**

**१६** वाक्यलाई *पूर्ण रूपमा* पूरा गर्ने वाक्यको अगाड़िको अक्षरमा घेरा लगाउनुहोस्। प्रकाशको पुस्तकले मानिस ''दयनीय, दरिद्र, नाङ्गा र अन्धा छन् भनी बताउँछ, जुनचाहिँ

**क** सबै ठाउँका सबै मानिसहरूको तस्वीर हो, जसले आफूलाई परमेश्वरको आवश्यकताको महसूस गर्दैनन्।

**ख** परिवारहरूको तस्वीर हो, जसले जीवनका आवश्यकीय कुराहरूलाई गुमाएका छन्, किनकि तिनीहरूका रुपियाँपैसा जाडँ-रक्सी र लागू पदार्थमा बर्बाद गरिएको छ।

**ग** ती व्यक्तिहरूको तस्वीर हो, जसको आदरयोग्य र आनन्दित घरहरू हुन्छन्, तर ती एकलेसिया (चर्च)-का सदस्यहरूचाहिँ हुँदैनन्।

## ख्रीष्टियान घर

ख्रीष्टियान घर ख्रीष्टको प्रेमले भरिएको हुन्छ र यसले उहाँको अधिकारलाई स्वीकार गरेको हुन्छ। यस घरका सदस्यहरूले शनिवार र आइतबारका दिनमा मात्र परमेश्वरको याद गर्दैनन्। तिनीहरूको *प्रत्येक दिनको* जीवनमा उहाँका

आज्ञापालन र आदर गर्नुपर्छ भनी तिनीहरूलाई सिकाइएको हुन्छ। आफ्नो घर स्थापित गर्ने दम्पत्तिले आफ्ना जीवनमा ख्रीष्टलाई स्वीकार गरी उहाँको अगुवाइको निम्ति उहाँसँग प्रार्थना र बिन्ती गर्दा परमेश्वर तिनीहरूसँग खुशी हुनुहुन्छ। तर साँचो ख्रीष्टियान घर मानिसहरू ख्रीष्टियान हुँदैमा एक्कासि आफै विकास हुँदैन। तिनीहरूले यसको निर्माणमा काम गर्नैपर्छ।



तिनीहरूले यो गर्ने एउटा तरीकाचाहिँ पारिवारिक आराधनाद्वारा हो। एकलेसिया (चर्च)-हरू शुरू हुनुभन्दा पहिले, परमेश्वरले मानिसहरूलाई सिकाउनुभयो कि प्रत्येक बाबुले आफ्नो परिवारलाई आराधनामा अगुवाइ गर्नुपर्छ। मानिसचाहिँ आफ्नो परिवारको पूजाहारी हुनुपर्ने थियो।

अझ पनि पारिवारिक आराधना स्थापना गर्ने जिम्मेवारी बाबुकै हो। आमा-बाबु र छोराछोरीहरूले नियमित रूपमा एकैसाथ बाइबल पढ़ी प्रार्थना गर्नाले तिनीहरू प्रभुमा र एक-अर्कासँगको समझदारी र प्रेममा बढ्छन्। यो समय जसलाई कोही मानिसहरूले "पारिवारिक वेदी" वा "पारिवारिक आराधना" भन्छन्, बालकको तालीमको निम्ति यो धेरै महत्त्वपूर्ण कुरा हो।

पारिवारिक आराधनाद्वारा आफ्नो वैवाहिक जीवन शुरू गर्ने र विश्वासयोग्तासाथ यसलाई व्यवहारमा लगाउने पति र

पत्नीले आफ्ना जीवनमा अनुग्रह र आशिष्को अनुभव गर्नेछन्। तिनीहरू परमेश्वरका सहायतामा भर पर्ने भएका हुनाले, आउने विभिन्न समस्याहरूको सामना गर्न तिनीहरू सक्षम भएका हुन्छन्। अरू कामहरूले बाधा नदिने बेलामा आराधनाको समय छुट्टयाउनु उत्तम हुन्छ– पति काममा जानुभन्दा पहिले नै वा बेलुकीको समयमा। प्रत्येक खानाको निम्ति परमेश्वरलाई धन्यवाद चढ़ाउनु पनि घरमा गरिने आराधनाको अर्को भाग हो। "धन्यवादसाथ ग्रहण गर्नका लागि परमेश्वरले ती भोजनहरू सृजनुभएको हो" (१ तिमोथियस ४:३)।

आफ्ना घरमा परमेश्वरको आदर गर्न चाहने परिवारहरूलाई परमेश्वरले आशिष् दिनुहुन्छ, (यहोशू २४:१५ हेर्नुहोस्) र तिनीहरू एक-अर्काप्रतिको प्रेम र समझदारीमा वृद्धि हुन्छन्। आदर्श ख्रीष्टियान घरलाई प्रदर्शित गर्ने निस्स्वार्थी प्रेमको बारेमा बाइबलले बताएको कुरालाई अब हामी विचार गरौं।

> प्रेम सहनशील हुन्छ र दयालु हुन्छ। प्रेमले डाहा गर्दैन, न सेखी गर्छ। प्रेम हठी हुँदैन, न ढीट हुन्छ। प्रेमले आफ्नै कुरामा जिद्दी गर्दैन, झर्को मान्दैन, खराबीको हिसाब राख्दैन। प्रेम खराबीमा प्रसन्न हुँदैन तर ठीक कुरामा रमाउँछ। प्रेमले सबै कुरा सहन्छ, सबै कुराको पत्यार गर्छ, सबै कुरामा आशा राख्छ, सबै कुरामा स्थिर रहन्छ (१ कोरिन्थी १३:४-७)।

---

**तपाईंको अभ्यासको निम्ति**

**१७** ख्रीष्टियान घरमा कसको अधिकारलाई स्वीकार गर्नैपर्छ?

.................................................................

**१८** एकलेसिया (चर्च)-हरू शुरू हुनुभन्दा पहिल्यै परमेश्वरले बाबुहरूलाई कस्तो जिम्मेवारी दिनुभएको थियो?

..............................................................................

**१९** *पारिवारिक वेदी* शब्द समूहले केको सम्बोधन गरेको हुन्छ?

**क** परिवारले परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने समय।

**ख** परिवारले एकैसाथ प्रार्थना गर्नको लागि एकलेसिया घरमा भएको विशेष ठाउँ।

**२०** ख्रीष्टियान घरका सदस्यहरूलाई कसरी चिन्न सकिन्छ?

**क** तिनीहरू विश्वासयोग्य भएर एकलेसियामा गएपछि।

**ख** तिनीहरूका आफ्नै जीवनमा ठीक काम गरेपछि।

**ग** तिनीहरूको दैनिक जीवनमा परमेश्वरको आदर र आज्ञापालन गरेपछि।

**२१** परमेश्वरको प्रेमको स्तरको नापमा नपुगेको तपाईंको आफ्नै जीवनको कुनै क्षेत्र छ भने आफ्नो अभ्यास-पुस्तिकामा त्यसको सूची बनाउनुहोस् र आवश्यकीय परिवर्तन गर्नका लागि परमेश्वरसँग सहायताको निम्ति बिन्ती गर्नुहोस्।

अब तपाईंले पहिला पाँच पाठहरूलाई सिध्याउनुभएको छ, तपाईंको विद्यार्थी प्रतिवेदनको पहिलो खण्डको उत्तर दिनका लागि अब तपाईं तयारी हुनुभएको छ। पाठहरू १-५-लाई दोहोऱ्याउनुहोस्, र विद्यार्थी प्रतिवेदनमा उत्तर-पृष्ठलाई भर्नुहुँदा दिइएका निर्देशनहरूलाई पालन गर्नुहोस्। पुस्तक र विद्यार्थी प्रतिवेदनको अन्तमा दिइएको आई सी आई-को ठेगानामा उत्तर-पृष्ठ फर्काई पठाउनुहोस्।

# टिप्पणीहरू

## तपाईंका उत्तरहरूको जाँच गर्नुहोस्

११ "*हाम्रो निम्ति* के असल हुन्छ" भनी विचार गर्न उसले सिक्नैपर्छ।

१ क. असल पारिवारिक सम्बन्धहरू।
ख. शान्ति।
घ. परमेश्वरको निम्ति प्रेम।
च. एकैसाथ काम गर्नु।

१२ ख. आवश्यकीय सामञ्जस्य गर्नका लागि तयारी हुन्छ।

२ यसले तिनीहरूलाई आफ्ना शिक्षकहरू, पास्टरहरू र आफ्नो देशका नियमहरूको आज्ञा पालन गर्नका लागि सहायता पुऱ्याउँछ।

१३ ख. आमा-बाबुलाई प्रेम र आदर गरिनै रहनुपर्छ...।
ग. ... जिम्मेवारीलाई स्वीकार गर्नुपर्छ।
घ. परिपक्व व्यक्तिहरूको जस्तै व्यवहार गर्नुपर्छ...।

३ तपाईंको उत्तर। परमेश्वरको सहायताको निम्ति हामीले प्रार्थना र बिन्ती गर्नैपर्छ। घरका कर्तव्यहरूमा हामी विश्वासयोग्य हुनैपर्छ र अरूलाई भार दिनुहुँदैन। जहाँ सकिन्छ सहयोग गर्नका लागि तयार हुनैपर्छ।

१४ कुनै चारवटाः रुपियाँपैसाको सम्बन्धमा कुराकानी गरिएन भने झगड़ा हुन सक्छ। अरूहरूभन्दा आफू साधारण भएर जिउनुपरेको छ भनी पत्नीले गनगन गरेमा। पतिले आफ्नो परिवारको पालनपोषण नगरेमा। आफ्नी पत्नीले पनि जीविकाको लागि कमाउनुपर्छ भनी पतिले आशा गरेमा।

४ छोराछोरीहरूको जन्म र विकासको निम्ति पालनपोषण।

१५ ऊ अविश्वासीभन्दा पनि खराब हुन्छ।

५ जकरिया र हन्ना

१६ क. सबै ठाउँमा सबै मानिस...।

६ उसका आमा-बाबुले उसलाई बुझ्छन्, उसलाई प्रेम गर्छन्, उसको वास्ता गर्छन् र उसले सुरक्षाको अनुभव गर्छ।

१७ ख्रीष्ट।

७ वचनहरू, उदाहरण

१८ प्रत्येक बाबुले आफ्नो परिवारलाई आराधनामा डोऱ्याउनुपर्छ।

८ उसको चरित्र र पूरै जीवन भरिका बानीहरू घरमा नै निर्माण हुन्छ र उसले त्यहीँ नै पाठहरू सिक्छ। (असल वा खराब), जुन उसले कहिल्यै बिर्सिंदैन।

१९ क. परिवारले परमेश्वरको वचन पढ्ने र प्रार्थना गर्ने समय।

९ घरमा तालीम।

२० ग. .... परमेश्वरको आदर र आज्ञापालन।

१० सहयोगी (जीवन-साथी)।

२१ तपाईंको उत्तर।